Date: ______ Page: ______

आज मिति २०७८/१/२८ गतेका दिन पाटन नगरपालिका पाटन बैतडी का नगर प्रमुख श्री केशब बहादुर चन्द ज्यू को अध्यक्षतामा नगर कार्यपालिका को ४८ औं बैठक तपसिल बमोजिम को उपस्थितीमा बसी देहायका बिषयमा छलफल गरी निर्णय गरियो।

तपसिल:-

| | | | |
|---|---|---|---|
| [signature] | श्री केशब बहादुर चन्द | नगर प्रमुख | |
| [signature] | श्री सरस्वती कोली | नगर उप प्रमुख | |
| [signature] | श्री गनेश दत्त भट्टराई | वडा अध्यक्ष पाटन | १ |
| [signature] | श्री महेन्द्र प्रसाद पन्त | ,, पाटन | २ |
| [signature] | श्री फरेन्द्र सिंह बिष्ट | ,, पाटन | ३ |
| [signature] | श्री दिपक सिंह बिष्ट | ,, पाटन | ४ |
| ४४ नं को निर्णय को [signature] | श्री फूली बोहरा | ,, पाटन | ५ |
| [signature] | श्री राजेन्द्र सिंह बिष्ट | ,, पाटन | ६ |
| [signature] | श्री ललित बहादुर चन्द | ,, पाटन | ७ |
| [signature] | श्री पृथ्वी राज पन्त | ,, पाटन | ८ |
| [signature] | श्री लोक बहादुर भण्डारी | ,, पाटन | ९ |
| [signature] | श्री देवेन्द्र कुवंर | ,, पाटन | १० |
| [signature] | श्री मनिराम लुहार | कार्यपालिका सदस्य | |
| [signature] | श्री लालीराम लुहार | ,, ,, | |
| [signature] | श्री पदमा बिष्ट | ,, ,, | |
| [signature] | श्री सुनिता औड | ,, ,, | |
| [signature] | श्री बसन्ती ठगुन्ना | ,, ,, | |
| [signature] | श्री बलदेव राम लुहार | ,, ,, | |
| [signature] | श्री सुनीता भट्ट | ,, ,, | |
| [signature] | श्री बिमला सार्की | ,, ,, | |
| [signature] | श्री सूर्य बहादुर सिंह | प्रमुख प्रशासकीय अधिकृत | |

Date: ________ Page: ________

प्रस्तावहरु:-

१) एकमुष्ठ/एकमात्र अन्तर सम्बन्धमा।
२) संशोधित नगर विकास ऐन २०८४ अनुसार समिति गठन सम्बन्धमा।
३) वडा कार्यालय को इन्धन सम्बन्धमा।
४) मदन भण्डारी फाउन्डेशन बैतडी द्वारा आयोजित खेलकुद कार्यक्रम सम्बन्धमा
५) कराते खेलाडी लाई आर्थिक सहयोग सम्बन्धमा।
६) कक्षा थप सम्बन्धमा।
७) श्रोतव्यक्ति सम्बन्धमा।
८) स्वास्थ्य शिविर सम्बन्धमा।
९) लागत अनुमान (इस्टमेट) प्रमाणित गर्ने हुँदै योजना सम्बन्धमा।
१०) स्थानिय विकास पूर्वाधार साझेदारी विकास कार्यक्रम सम्बन्धमा।
११) फिल्ड निर्माण सम्बन्धमा।
१२) वातावरणको सम्पर्क व्यक्ति (फोकल पर्सन) सम्बन्धमा
१३) योजना को नामाकरण सम्बन्धमा
१४) औषधी खरीद सम्बन्धमा।
१५) जेनेरेटर खरीद " ।
१६) CCTV सम्बन्धमा।
१७) DPR सम्बन्धमा
१८) पाटन प्राङ्गणको व्यवस्थापन को क्रियो शिक्षक को खर्च सम्बन्धमा।
१९) देहिमाण्डौ- बजार सडकको खर्च निर्माण सम्बन्धमा

[signature]

[signature]

निर्णय नं. २ :- प्रस्ताव नं. १ माथि छलफल गर्दा तपसिल बमोजिम का चालु खर्च शिर्षक बाट निम्न बमोजिम को खर्च शिर्षक मा रकमान्तर गरी नगर सभा बाट अनुमोदन गर्ने निर्णय गरियो।

| रकमान्तर शिर्षक नं. | रकमान्तर घटाउनुपर्ने शिर्षक | रकम | रकमान्तर वढाउनुपर्ने शिर्षक | रकम | कैफियत | रकमान्तर गर्ने शिर्षक न |
|---|---|---|---|---|---|---|
| २११२१ | पोषाक | २००००० | ईन्धन कार्यालय प्रयोजन | २००००० | ईन्धन प्रयोजन | २२२१२ |
| २११३२ | महंगी भत्ता | ६००००० | अन्य भत्ता | ५०००० | सडक को टेन्डर खोल्दा बैठक बस्दा लाग्ने खर्च | |
| | | | सवारी साधन मर्मत खर्च | ४००००० | सवारी साधन मर्मत | २२२१३ |
| | | | ईन्धन पदाधिकारी | १५०००० | पदाधिकारी को इन्धन प्रयोजन | २२२११ |
| २११३३ | फिल्ड भत्ता | १६११७१८ | करार शुल्क | १३०१००० | कार्यपालीका तर्फ २६ जना स्वास्थ्य तर्फ २७ जना गरी ४३ जनाको तलब | २२४१३ |
| | | | घर भाडा | २७४००० | कार्यालय भवन भाडा , वडाहरुको वडा नं. ४, वडा नं. ९ ,कार्यालयको सामान राख्ने स्टोर, ईन्जिनियर, अनारखोली ,वडा नं. २ | २८१४२ |
| | | | अन्य भत्ता | ३६७८१ | जेठ र अशार महिनामा कर्मचारीहरुले अतिरिक्त समय काम गरे बाफत दिइने पारिश्रमिक | २१११९ |
| २११४२ | पदाधिकारी पारिश्रमिक | ३००००० | अन्य भत्ता | ३००००० | जेठ र अशार महिनामा कर्मचारीहरुले अतिरिक्त समय काम गरे बाफत दिइने पारिश्रमिक | २१११९ |
| २१११४ | कर्मचारी कल्याण कोष | १२००००० | अन्य भत्ता | ६४००० | जेठ र अशार महिनामा कर्मचारीहरुले अतिरिक्त समय काम गरे बाफत दिइने पारिश्रमिक | २१११९ |
| | | | सवारी साधन तथा मेसिनरी औजार भाडा | ५००००० | योजना अनुगमन गर्दा बाहिर जानुपर्दा | २८१४३ |
| | | | भ्रमण खर्च | ५००००० | कर्मचारी र पदाधिकारी खटाए बापत को खर्च | २२६१२ |
| | | | | १३६००० | कार्यालय अर्न्तगत का भवनहरुको मर्मत सम्भार | |
| २२५१२ | कर्मचारी तालीम | ८०००० | बिमा तथा नविकरण | ८०००० | बिमा तथा नविकरण | |
| | सामाजिक बिकास लैङगिक समानता शिर्षक को वुदा नं ७ उज्यालो सोलार पाटन बितरण | ५००००० | | ४६०००० | दमकल मर्मत | |
| | | | | ४०००० | कानुनी सेवा | |
| | सामाजिक विकास स्वास्थ्य तर्फ वुदा न १२ को | ३५०००० | कार्यालय अन्तंगत का भवनहरको मर्मत सम्भार | ३५०००० | कार्यालय अन्तंगत का भवनहरको ममत सम्भार | |

निर्णय नं २:- प्रस्ताव नं. २ माथि छलफल गर्दा संसोधीत नगर विकास ऐन २०४८, बमोजिम यस नगरपालिका मा तपसिल बमोजिम का पदाधिकारी हरु लाई सो समिती को सदस्य मा मनोनीत गर्ने निर्णय गरियो।

तपसिल:-

१) नगरकार्यपालिका का कार्यपालिका का सदस्य हरु मध्य बाट तीन जना सदस्यहरु नामहरु: लोक बहादुर भण्डारी, दीपक बिष्ट र राजेन्द्र सिंह बिष्ट लाई मनोनित गर्ने निर्णय पारित गरीयो।

२) स्थानीय क्षेत्रको विकासमा महत्वपूर्ण योगदान गरी आएका व्यक्तिहरु मध्ये दुई जना सदस्यहरु नामहरु: सरस्वती जोशी र बसन्ती ठगुन्ना लाई मनोनीत गर्ने निर्णय पारित गरीयो।

निर्णय नं ३:- प्रस्ताव नं. ३ माथि छलफल गर्दा प्रत्येक वडा कार्यालय हरु लाई इन्धन खर्च बापत यस आर्थिक वर्ष मा कुल रु २०,०००/- खर्च कन्टन्जेन्सी बाट उपलब्ध गराउने निर्णय पारित गरीयो।

निर्णय नं.४:- प्रस्ताव नं.४ माथि छलफल गर्दा खेलकुद कार्यक्रम संचालन गर्ने मदन भण्डारी फाउन्डेशन बैतडी लाई खेलकुद कार्यक्रम शिर्षक बाट रु २,२५,०००/- अक्षरेपी रु दुई लाख पच्चीस हजार मात्र उपलब्ध गराउने निर्णय पारित गरीयो।

निर्णय नं.५:- प्रस्ताव नं.५ माथि छलफल गर्दा पाटन नगरपालिका वडा नं. १ का कराते खेलाडीहरु खड्क सिंह बोहरा र लक्ष्मण सिंह ठगुन्ना लाई जनही रु १०,०००/- का दरले दुई जना लाई २०,०००/- आर्थिक सहयोग उपलब्ध गराउने निर्णय पारित गरीयो।

निर्णय नं.६:- प्रस्ताव नं. ६ माथि छलफल गर्दा श्री रामजानकी इंग्लीस बोर्डिङ स्कुल पाटन बैतडी ले थप कक्षा अनुमती को माग गरेकाले थप कक्षा अनुमती प्रदान गर्ने एवं अन्य विषयका सीको जिम्मेवारी सामाजिक विकास समिती लाई दिने र समितीले आगामी कार्यपालिका को बैठक मा पेश गर्ने निर्णय पारित गरीयो।

निर्णय नं.७:- प्रस्ताव नं.७ माथि छलफल गर्दा भौतिक्यको मा जानेश दत्त पन्त लाई २०७८ असार मसान्तसम्म यस नगरपालिकामा काजमा राख्ने निर्णय पारित गरीयो।

निर्णय नं. ८ :- प्रस्ताव नं. ८ माथि छलफल गर्दा सामाजिक विकास स्वास्थ्य शाखा तर्फको शिर्षक नम्बर १२ घरदैलो स्वास्थ्य सेवा डाक्टर तथा प्रयोगशाला जाँच अभियान शिर्षकको रकम बाट पाटन नगरपालिका र बैतडी समाज कैलाली को संयुक्त आयोजनामा प्राथमिक स्वास्थ्य केन्द्र पाटन मा संचालन भएको बृहत स्वास्थ्य शिविर मा भएको खर्च रु २.३०,०००/- उपलब्ध गराई नगर सभा बाट अनुमोदन गर्ने निर्णय पारित गरीयो।

निर्णय नं. ९ :- प्रस्ताव नं. ९ माथि छलफल गर्दा यस नगरपालिका (गौरिव पूर्ण बाट निर्माण कार्यक्रम) मा संघीय सरकार, प्रदेश सरकार, स्थानीय साझेदारी कार्यक्रम लगायत नगर सभा बाट स्वीकृत भएका योजना तथा कार्यक्रम हरु को रकम सम्झौता भई प्रमाणित भएका तर इस्टमेट (लागत अनुमान) मा प्रमाणित गर्न छुट भएकाले उक्त योजना तथा कार्यक्रमहरु को लागत अनुमान प्रमाणित गर्ने अधिकार प्रमुख प्रशासकीय अधिकृत लाई दिने निर्णय पारित गरीयो। साथै निमित्त प्रमुख प्रशासकीय अधिकृत बाट सम्झौता भई प्रमाणित भएका तर इस्टमेट मा प्रमाणित गर्न छुट भएका योजनाहरु निमित्त प्रमुख प्रशासकीय अधिकृत बाट प्रमाणित गर्ने र अनुमोदन प्रमुख प्रशासकीय अधिकृत बाट गराउने निर्णय गरीयो।

निर्णय नं. १० :- प्रस्ताव नं. १० माथि छलफल गर्दा जिल्ला समन्वय समिती को कार्यालय बैतडी को मिति २०७८।७।२६ गतेको निर्णय अनुसार आयोजनाको क्र.सं. १२ मा डसैली - लादौली सडक २११७ भएको तर कार्यालयबाट सम्झौता गर्दा र इस्टीमेट बनाउँदा योजना को नाम फरक परेकाले समन्वय समिती को निर्णय अनुसार नाम कायम गर्ने निर्णय गरीयो। साथै जि. स. जिल्ला समन्वय समिती को कार्यालय बैतडी बाट कन्टजेन्सी कट्टी योजना मा विनियोजन भएको रु १०,००,०००/- मध्ये रु ९.५०,०००/- मात्र उपलब्ध गराएकोले प्राप्त रकम बराबरको लागत अनुमान तयार गर्ने निर्णय पारित गरीयो।

निर्णय नं. ११ :- प्रस्ताव नं. ११ माथि छलफल गर्दा पाटन नगरपालिका वडा नम्बर ०९ टकरेमा स्वास्थ्य भवन निर्माण गर्ने साइड कितीय (फिल्ड निर्माण) गर्ने प्राविधिक को स्टमेट अनुसार भुक्तानी गर्ने गरी फिल्ड निर्माण गर्न वडा नम्बर ०९ को वडा समिती लाई जिम्मेवारी दिई स्वास्थ्य भवन निर्माण गर्ने फिल्ड खरिद गर्ने निर्णय पारित गरीयो।

निर्णय नं. १२ :- प्रस्ताव नं. १२ माथि छलफल गर्दा पाटन नगरपालिका अन्तरगत बाल बालिका क्षेत्रमा काम गर्ने बाल संरचनाहरुमा लागी लागु काम गरेका बाल संजाल अध्यक्ष लोक राज अवस्थी बाट फोकल पर्सन छनौट गर्ने निर्णय पारित गरीयो।

निर्णय नं. १३ :- प्रस्ताव नं. १३ माथि छलफल गर्दा पाटन नगरपालिका वडा नम्बर ८ श्री जनता मा.वि. आमखाल्टा घेरपर्खाल तथा फिल्ड निर्माण योजना को सट्टा ~~घेरपर्खाल~~ घेरबार नामाकरण गर्ने निर्णय पारित गरीयो।

निर्णय नं. १४ :- प्रस्ताव नं. १४ माथि छलफल गर्दा पशु स्वास्थ्य को लागी रु ५,००,०००/- को औषधी खरीद गर्ने निर्णय गरीयो। जो रकम आर्थिक विकास कृषि को बुँदा नं. १९ नगरस्तरीय कृषि तथा पशु कार्यक्रम बाट खर्च गर्ने गरीयो।

निर्णय नं. १५ :- प्रस्ताव नं. १५ माथि छलफल गर्दा संस्थागत सेवा सुचना प्रविधि तर्फ को पुँजिगत खर्च कम्प्युटर खरिद शिर्षक को रु ५ लाख मध्ये बाँकी रहेको ८० हजार बाट कार्यालय का लागी जेनेरेटर खरीद गर्ने निर्णय गरीयो।

निर्णय नं. १६ :- प्रस्ताव नं. १६ माथि छलफल गर्दा संस्थागत सेवा सुचना प्रविधि तर्फको इन्टरनेट खरिद शिर्षक को रु ४,५०,०००/- मध्ये बाँकी रहेको १५००००/- बजार क्षेत्रमा CCTV खरिद शिर्षक मा थप गर्ने निर्णय गरीयो।

निर्णय नं. १७ :- प्रस्ताव नं. १७ माथि छलफल गर्दा श्री कृष्ण मा.वि. पाटन को विद्यालय व्यवस्थापन समिति को मिति २०७४/१२/१४ को निर्णय अनुसार पेश भएको DPR स्वीकृत गर्ने निर्णय भयो र सो को जानकारी ~~जिल्ला~~ शिक्षा विकास तथा समन्वय इकाई बैतडी मा गर्ने र अन्य आवश्यक ठाउँमा पठाउने।

निर्णय नं. १८ :- प्रस्ताव नं. १८ माथि छलफल गर्दा नगरस्तरीय कृषि तथा पशु विकास कार्यक्रम (आर्थिक विकास तर्फ) बाट ~~[illegible]~~ २०,००,०००/- अङ्करेपी र ~~[illegible]~~ भाग पाटन बहुमुखी क्याम्पस का निजी शिक्षक हरु लाई तलब भत्ता निकासा गर्ने नगर स्वयंसेवक शिर्षक मा थप गरी रकमान्तर गर्ने तलब भत्ता निकासा दिने र नगर परिषद बाट अनुमोदन गर्ने निर्णय पारित गरीयो।

निर्णय न. १६ :- प्रस्ताव नं. १६ माथि छलफल गर्दा आर्थिक मामिला तथा योजना मन्त्रालय सुदूरपश्चिम प्रदेश को मिति २०७६।१।२२ गते को प्राप्त पत्रानुसार देहिमाण्डौ बसन्तपुर पाटन सडक वडा न-५ मा बिशेष अनुदान रु ४२ लाख प्राप्त भएको र समय अभाव का कारन उक्त सडकमा बोलपत्र आह्वान गरी निर्माण कार्य गर्दा समय छोटो भएकाले तिन वडा सिलाबन्दी दरभाउपत्र बाट निर्माण कार्य सम्पन्न गर्ने निर्णय गरीयो ।